
के तपाईंको घर पा( नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रजित पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २१२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन २९ गते सोमबार ❑ 14 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## मुग्लिन-पोखरा सडक खण्ड विस्तार कार्यलाई व्यवस्थित र तीव्र रुपमा अघि बढाउन माग

पोखरापत्र संवाददाता
पोखरा, २८ साउन

मुग्लिन-पोखरा सडक खण्डको विस्तार एवं स्तरोन्नती कार्यलाई व्यवस्थित र तीव्र रुपमा अघि बढाउन पोखराका पर्यटन व्यवसायीहरुले माग गरेका छन् ।

भूकम्प, कोभिड १९ लगायतका विपदले प्रभावित भएको पर्यटन क्षेत्र माथि उठ्ने समयमा पोखरा काठमाडौंको सडक खण्ड तथा पोखरा मुग्लिन सडक खण्ड निर्माणमा निकै ढिला सुस्ती र अव्यबस्थित ढंगले काम भएकोले त्यसलाई निर्धारित समयमै सक्ने गरी व्यबस्थित र तीव्र रुपमा काम गर्न पर्यटन व्यवसायीहरुले माग गरेका हुन् ।

पोखराका पर्यटन व्यवसायीहरुको छाता संस्था पोखरा पर्यटन परिषदले पोखरा मुग्लिङ राजमार्ग अबलोकन गर्दै आइतबार तनहुँमा पत्रकार भेटघाट कार्यक्रममा मार्फत उक्त सडक विस्तारको शैलीलाई परिवर्तन गरी सडकको एक किनारतर्फ काम गर्ने र अर्कोतर्फबाट सवार ासाधनको सहज आवतजावतको वातावरण मलिाउन माग समेत गरेको छ ।

संभव भएका ठाउँमा वैकल्पिक मार्ग र डाइभर्सनहरुको व्यवस्था गरी यात्रालाई सहज र छिटो बनाउन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले माग गर्नु भयो । विभिन्न सिफ्टमा काम गर्ने गरी राति र दिनमा उत्तिकै शीघ्र गतिमा काम अगाडि बढाउन जरुरी रहेको उहाँको भनाई थियो । सडक विस्तार कार्यलाई व्यवस्थित र तीव्र रुपमा अगाडि बढाउन सरकार, निर्माण पक्ष र सम्बन्धित निकायको परिषदले आइतबार जारी गरेको प्रेस विज्ञेप्ति मार्फत गंभीर ध्यानाकर्षण समेत गराएको छ । नेपालका दुई ठूला शहर- काठमाडौं र पोखरा जोड्ने पृथ्वी राजमार्ग अन्तर्गतको उक्त खण्डलाई कम्तिमा चार लेनको बनाउनेकार्य निकै महत्वपूर्ण र सराहनीय भएको आइतबार परिषदले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ । एशियाली विकास बैंकको आर्थिक सहयोगमा मुग्लिन-पोखरा सडक सुधार आयोजना अन्तर्गत उक्त खण्डमा सडक स्तरोन्नती कार्य जारी रहेकोमा उच्च प्रशंसा गर्दै परिषदले जुन गति र स्तरमा यो सडक विस्तार कार्य अगाडि बढेको छ, यसले आम उपभोक्ता, निजी क्षेत्र र पर्यटन जगतमा थुप्रै गुनासोहरु उब्जाएको जनाएको छ ।

अध्यक्ष श्रेष्ठले भन्नु भयो "छोटो दुरीको यात्राका लागि लामो समय खर्चनुपर्ने, दिक्क लाग्दो र कष्टपूर्ण यात्रा, विरामी र अशक्त यात्रुका लागि थप जोखिम तथा हैरानीको अवस्था सिर्जना हुन पुगेको छ, यतिमात्र नभई ढिलो गतिमा काम अगाडि बढ्दा लामो समयसम्म सडक वरपरका वासिन्दाले धुलो, धुँवा र ध्वनी प्रदूषणको समस्याबाट गुज्रँदै स्वास्थ्य जोखिमको सामाना गर्नु पर्ने अवस्था सिर्जना भएको छ।" यसैगरी नेपाली अर्थतन्त्रको महत्वपूर्ण आधार मानिएको पर्यटन र उद्योग वाणिज्य क्षेत्रले समेत सुस्त र अव्यवस्थित निर्माण कार्यबाट प्रत्यक्ष प्रभावित हुन परेको अध्यक्ष श्रेष्ठले जनाउनु भयो । काठमाडौं वा नारायणगढ हुँदै पोखरासम्म यात्रा गर्न चाहने पर्यटकले सिंगो दिन खर्चनुपर्ने अवस्था सिर्जना भएको परिषदले उल्लेख गर्दै काठमाडौं-पोखराविचको पाँच देखि छ घण्टा लामो बसयात्राका लागि अहिले १२ घण्टा सम्म लाग्ने गरेको गुनासो गरेको छ ।

निजी क्षेत्रले बिक्री योग्य बस्तु, अन्य उत्पादन र कच्चा पदार्थ ढुवानीमा लामो समय खर्चनु परेको बताउनु भएको अध्यक्ष श्रेष्ठले यसबाट पोखरा र वरपरको पर्यटनमा नकारात्मक प्रभाव परेको दाबी गर्नु भयो । औपचारिक रुपमै नेपालको पर्यटकीय राजधानी घोषणा हुन लागेको अबस्थामा पोखराका लागि त यो झनै नकारात्मक अवस्था भएको परिषदको भनाई रहेको छ ।

सडक विस्तार कार्य सुरु भएको यतिका समय गुज्रँदा पनि निकै कम प्रतिशत मात्र प्रगति हुनु निराशजनक र दुःखद पक्ष भएको अध्यक्ष श्रेष्ठले बताउनु भयो । परिषद्ले यस बिषयमा विगतमा प्रधानमन्त्री, अर्थमन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्री, पर्यटन मन्त्री, गण्डकी प्रदेश सरकारका प्रमुख तथा मुख्यमन्त्री र मन्त्रीहरुको ध्यानाकर्षण गराइसकेको छ ।

## ठूला करदाता र सामाजिक सुरक्षा कोषको कार्यालय स्थापनाको माग

पोखरापत्र संवाददाता
पोखरा, २८ साउन

पोखरा उद्योग वाणिज्य सङ्घले पोखरामा कम्पनी रजिष्ट्रार, सामाजिक सुरक्षा कोष तथा ठूला करदाता कार्यालय स्थापनाको माग गरेको छ ।

सङ्घका अध्यक्ष पवनकुमार प्रजापति नेतृत्वको प्रतिनिधिमण्डलले गण्डकीका उद्योग, पर्यटन वन तथा वातावरण मन्त्री दीपेन्द्रबहादुर थापालाई ज्ञापनपत्र बुझाउँदै ती माग गरिएको हो ।

अध्यक्ष प्रजापतिले यी कार्यालय पोखरामा नहुँदा करदाताले ठूलो सास्ती बेहोर्नु परेको भन्दै मागको सम्बोधन गर्न आग्रह गर्नुभयो । ज्ञापनपत्र बुझ्दै मन्त्री थापाले निजी क्षेत्रको माग सम्बोधनका लागि सरकारले पहल गर्ने विश्वास व्यक्त गर्नुभयो । ज्ञापनपत्रमा गण्डकी सरकारको बजेट वक्तव्यमा उल्लेखित औद्योगिक क्षेत्र निर्माणका लागि तत्काल पहलकदमी लिन, प्रदेशका लाइफ लाइन मानिएका राजमार्गको स्तरोन्नतिलाई गति दिन माग गरिएको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानको पहल एवम् पोखराको प्रचारमा जुट्न, वन पैदावारको उचित उपयोगको नीति तत्काल तय गर्न, नयाँ पदयात्रामार्ग निर्माण गरी पर्यटकीय गन्तव्यको विकासमा यथोचित ध्यान दिनुपर्ने ज्ञापनपत्रमा उल्लेख छ । ज्ञापनपत्रमा अर्थतन्त्र सही दिशामा नहिँडेको जिकिर गर्दै असहाय र किंकर्तव्यविमुढको अवस्थाबाट गुज्रिरहेको निजी क्षेत्रलाई उत्साहित बनाउनसमेत माग गरिएको छ । प्रतिनिधिमण्डलमा अध्यक्ष प्रजापतिसहित वाणिज्य उपाध्यक्ष उत्तममान बुद्धाचार्य, कोषाध्यक्ष दिनेश बाँस्तोला लगायतको उपस्थिति थियो ।

## 'सदन सञ्चालन गर्न कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ'

रासस
काठमाडौं, २८ साउन

नेपाली कांग्रेसका सांसदहरूले अवरुद्ध सङ्घीय संसद्को बैठक सञ्चालन गर्न सबैभन्दा ठूलो दलका हैसियतले कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभएको छ ।

कांग्रेस संसदीय दलको आज बसेको बैठकमा बोल्ने सांसदहरूले लामो समयदेखि अवरुद्ध राष्ट्रियसभा र प्रतिनिधिसभाका बैठक सञ्चालन गर्न कांग्रेसले नेतृत्वदायी पहलकदमी लिनुपर्ने बताउनुभएको नेता रामकृष्ण यादवले जानकारी दिनुभयो ।

पछिल्लो समय यही साउन १० गतेदेखि प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले सुन तस्करी प्रकरण सम्बन्धमा उच्चस्तरीय छानविन समिति गठनको माग गर्दै सदन अवरुद्ध गर्दै आएको छ । लामो समय सदन अवरुद्ध हुँदा महत्वपूर्ण विधेयकको पारित प्रक्रिया अघि बढ्न नसकेको र जनजीविकाका सवाल उठाउन नपाएका सम्बन्धमा सांसदहरूले धारणा व्यक्त गर्नुभएको थियो ।

कांग्रेस सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवाको अध्यक्षतामा बसेको बैठकले देशभरि फैलिएको डेङ्गी रोग र एडिनो भाइरस कन्जन्टिभाइटिस (आँखा पाक्ने) रोगको सङ्क्रमणको आवश्यक औषधि उपचार व्यवस्था गरी रोकथाम तथा नियन्त्रण गर्न सरकारसँग माग गरेको छ ।

बैठकमा सांसदहरूले देशव्यापीरूपमा पशुचौपायामा फैलिएको लम्पी स्किन रोगको रोकथाम तथा नियन्त्रणका लागि प्रभावकारी ढङ्गले तत्काल कार्य गर्नाका साथै पीडित किसानलाई उचित राहत एवं क्षतिपूर्ति दिनसमेत सरकारसँग माग गर्नुभएको थियो ।

सांसदहरूले बाढीपहिरो र डुबान प्रभावितको उद्धार, राहत र पुनःस्थापनाको अविलम्ब व्यवस्था गर्न, ध्वस्त भएका, क्षतिग्रस्त भौतिक संरचनाको पुनःनिर्माण गर्न, विभिन्न स्थानमा अवरुद्ध भएका सडक यातायात

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सुन तस्करी छानबिन गर्न न्यायिक आयोग गठन हुनुपर्छ : अध्यक्ष ओली

रासस
काठमाडौं, २८ साउन

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले सुन तस्करीको घटनामाथि छानबिन गर्न उच्चस्तरीय न्यायिक आयोग गठन हुनुपर्ने बताउनुभएको छ । एमाले केन्द्रीय कार्यालयमा आइतबार आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष ओलीले संसदीय समिति गठन गर्दा जरोमा नपुगी बहुमतका आधारमा निर्णय हुनसक्ने देखिएकाले न्यायिक समिति आवश्यक भएको बताउनुभयो । माथिल्लो तहको संलग्नता विना ठूलो मात्रामा सुन तस्करी हुन नसक्ने र अहिले पनि तस्करी जारी रहेको उहाँले दाबी गर्नुभयो ।

अध्यक्ष ओलीले छानबिन समितिमा एमालेका मान्छे राख्न नभई देशलाई रित्याउनबाट जोगाउन न्यायिक समिति बनाउनुपर्ने जिकिर गर्नुभयो । सरकारले विरोधलाई मत्थर पार्न सांसद सुनिल शर्मालाई नक्कली प्रमाणपत्रको पुरानो मुद्दामा गिरफ्तार गरेको समेत दाबी गर्नुभयो ।

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले सुन तस्करी प्रकरणबारे छानबिन गर्न संसदीय समिति आयोग बनाउन माग गर्दै संसद अवरोध गर्दै आएको छ । सरकारले केन्द्रीय प्रहरी ब्यूरोले गरेको छानबिनको प्रतिवेदनलाई पर्खन आग्रह गरेको छ ।

## आन्दोलनको मुडमा अटो मेकानिक्सहरु

पोखरापत्र संवाददाता
पोखरा, २८ साउन



पोखरा क्षेत्रका अटो मेकानिक्स व्यवसायीहरुले पोखरा महानगरपालिकाले विकल्ल विना अटो व्यवसाय हटाउन खोजेको जिकिर गरेका छन् ।

महानगरले पोखरा बसपार्कभित्र रहेका १३ वटा अटो वर्क्सप हटाउन सूचना जारी गरेसँगै उनीहरुले विकल्प नभएसम्म नहट्ने र आवश्यक परे आन्दोलन गर्ने चेतावनी पनि दिएका छन् । पोखरा महानगरपालिकाले पोखरा ९ मा रहेको बसपार्कबाट पोखरा आउने र जाने सबै बसहरु संचालन गर्ने निर्णयसँगै त्यहाँ रहेका अस्थायी संरचनाहरु हटाउने निर्णय गरेको थियो । व्यवसायीहरु भने त्यसको विरुद्धमा रहेका छन् । उनीहरुले अटो व्यवसायलाई व्यवस्थित गर्न अटोल्याण्डको माग दोहो¥याउँदै आवश्यक परे आन्दोलन गर्ने चेतावनी दिएका छन् । त्यसको नेतृत्व नेपाल अटो मेकानिक्स व्यवसायी महासंघले लिएको छ । महासंघका केन्द्रीय उपाध्यक्ष कुलबहादुर नेपालीले विकल्पविना व्यवसायीलाई विस्थापित गर्न नपाइने र त्यसो गरिए आन्दोलन गर्ने घोषणा गरे । पोखरा उद्योग वाणिज्य संघ र गण्डकी अटोमेकानिकल वर्क्स एसोसियसनको संयुक्त आयोजनामा आइतबार पोखरामा आयोजना गरिएको पोखराका अटो वर्क्सपहरुको विकल्प खोजी तथा अटोल्याण्ड निर्माणबारे आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले सो घोषणा गरेका हुन् । 'पोखरा राम्रो बनाउन तयार छौं, विकल्प नदिइ हटाउने महानगरको निर्णय हामीलाई मान्य छैन, हामी आन्दोलन गर्छौ,'उनले भने,' तर, हाम्रो आन्दोलन शान्तिपूर्ण हुन्छ ।र हामी सुरुको चरणमा स्थानीय जनप्रतिनिधिहरुको सवारी साधन मर्मत गदैनौं, त्यसले नपुगे सरकारी गाडी बनाउँदैनौं र माग संबोधन नभए देशैभर सबै प्रकारका गाडी मर्मत रोक्छौं ।' उनलाई केन्द्रीय अध्यक्ष जनार्दन गैरे र गण्डकी अध्यक्ष सन्तोष मिश्रले समर्थन गरे । 'हामी दर्ता गरेर व्यवसाय चलाउन तयार छौं, दर्ता नभएका व्यवसायीहरुलाई हामी नै दर्ता गर्न लगाउँछौं तर हाम्रो व्यवस्थापन हुनुपर्छ,'गण्डकी अध्यक्ष सन्तोष मिश्रले भने ।

पृथ्वी राजमार्ग बस कम्पनीका अध्यक्ष योगेन्द्रबहादुर केसी र हेभी इक्युपमेण्ट व्यवसायी संघका अध्यक्ष बालकृष्ण कोइराला,ट्यूब टायर मर्मत व्यवसायी एसोसियनसका अध्यक्ष चन्द्रेश्वर बस्ताकोटी र पोखरा फ्रेब्रिकेटर्स एसोसियसनका अध्यक्ष विश्वलगायतले आन्दोलनमा ऐक्यवद्धता जनाउने प्रतिवद्धता जनाए । कार्यक्रमको अध्यक्षता गरिरहेका पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले चाहिँ उद्योगी/व्यवसायीहरु बन्द र हड्तालको विपक्षमा रहनुपर्ने बताए । 'व्यवसायीहरुको कर तिरेर व्यवसाय संचालन गर्नुपर्छ, कर तिर्ने करदातालाई राज्यले संरक्षण अनि सुविधा दिनुपर्छ,'उनले भने,' दर्ता नगरेको व्यवसायीले राज्यसँग सुविधा माग्न पाइँदैन तर राज्यको निकायमा दर्ता भएका व्यवसायीहरुको समस्याप्रति सबै तहका सरकार जिम्मेवार बन्नुपर्छ ।' उनले अटो मेकानिक्स वर्क्सका समस्या समाधान गर्न महानगरको ध्यानाकर्षण गराए । पोखरा १६ का वडाध्यक्ष तथा महानगरबाट गठित यातायात व्यवस्थापन समितिका संयोजक अमृत तिम्सिनाले अटो ल्याण्डको लागि जग्गाको खोजी भइरहेको जानकारी दिँदै समस्या समाधानको लागि सबैको सहयोग जरुरी रहेको बताए । 'महानगरले बजेट विनियोजन गरेको छ, अटोल्याण्डको लागि जग्गा पनि खोजिएको छ, आउनुहोस्, तपाईंहरुले पनि सघाउनुहोस्, मिलेर जग्गा खोजौं, व्यवस्थापन गरौं,' उनले भने ।

अटो वर्क्सप एउटा सटर लिएर चल्ने व्यवसाय नभएको बताउँदै उनले अटो व्यवसायी पनि मापदण्ड पालना नगरेको जिकिर गरे । उनले थपे,'व्यवसायीले पनि राम्रोसँग वर्क्सपको व्यवस्थापन गर्न सक्नुभएको छैन, बाटो र सार्वजनिक जग्गा प्रयोग गरेर व्यवसाय गर्न मिल्दैन ।' पोखरा उद्योग वाणिज्य संघका महासचिव बलराम आचार्यले व्यवसायीहरुले भोग्नुपरेका समस्या सल्टाउन महानगर गम्भीर हुनुपर्ने धारणा राखे । सुन्दर पोखरालाई अझ सुन्दर बनाउन अटोल्याण्ड अपरिहार्य रहेको उनको भनाइ थियो ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मुग्लिन–पोखरा सडक विस्तार : दमौलीमा घर भत्काइँदै

**रासस**
दमौली, २८ साउन

पृथ्वीराजमार्गको मुग्लिन–पोखरा सडक विस्तार योजनाअन्तर्गत मुख्य बजारमा घरटहरा भत्काउने तयारी गरिएको छ। मुग्लिन–पोखरा सडक योजना (पूर्वी खण्ड)ले दमौली बजारमा घरटहरा भत्काउने तयारी गरेको हो।

यसअगाडी मुख्य बजारभन्दा बाहेकका ठाउँमा घरटहरा हटाइएकामा अब मुख्य बजारमा काम हुने योजना प्रमुख नरेन्द्र सुवेदीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “बजार क्षेत्रमा धुलो नउडोस् भन्नका लागि बजार क्षेत्रमा घरटहरा भत्काउन हतार नगरिएको हो। दमौली बजारको घरटहराको क्षतिपूर्ति मुआब्जाको निर्धारण पनि हालैमात्र भयो। अब धमाधम काम अगाडि बढ्छ।” आयोजना प्रमुख सुवेदीका अनुसार दमौली बजारका घरटहराको क्षतिपूर्तिको मूल्याङ्कन हालैमात्र भएको छ। दमौली बजारमा केही असन्तुष्टि भएकाले सरोकारवालाको छलफलपछि त्यसलाई समाधान गरिने उहाँको भनाइ छ । यो खण्डमा पाँच सय पाँच घरटहरा भत्काउनुपर्नेमा हालसम्म तीन सय ५० घरटहरा भत्काइसकिएको छ । घरटहरा भत्काउँदा रु २६ करोड मुआब्जा निर्धारण भएकामा हालसम्म रु १७ करोड ५० लाख मुआब्जा वितरण गरिएको उहाँले जानकारी दिनुभयो । व्यास नगरपालिकाले पनि आफ्नो कार्यक्षेत्रभित्र सडक केन्द्रविन्दुबाट दायाँबायाँ २५ मिटर सडक क्षेत्र भई लागत कट्टा भएकाले सो सडक क्षेत्रभित्रका संरचना हटाई सडक निर्माणमा सहयोग पुर्‍याउन आग्रह गरिसकेको छ। एउटा खण्डको प्रगति ३१ प्रतिशत

मुग्लिन–पोखरा सडक विस्तार आयोजनाले दुई खण्डमा सम्झौता गरेर काम गरिरहेको छ । आँबुखैरेनीबाट जामुनेसम्मको पूर्वी खण्डमा ३१ दशमलव पाँच प्रतिशत प्रगति भएको आयोजनाले जनाएको छ। त्यस्तै जामुनेबाट पोखरासम्मको पश्चिमखण्डमा जम्मा आठ प्रतिशत प्रगति भएको छ । यो खण्डमा काम सुस्त छ । पूर्वी खण्डअन्तर्गत तनहुँको आँबुखैरेनी खण्डमा सात किलोमिटर कालोपत्रको काम सुरु भइसकेको छ। पूर्वी खण्डको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । एकचालीस दशमलव ४५ किमी यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिनेछ । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ वैशाखसम्म रहेको छ। सरकारले मुग्लिन–पोखरा सडक विस्तारका लागि चालु आर्थिक वर्षमा रु पाँच अर्ब ४२ करोड विनियोजन गरेको छ। विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ।

पश्चिम खण्डअन्तर्गत जामुनबाट पोखरासम्म विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो । यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ भदौसम्म रहेको छ।

चार लेनको बन्दा सडक सीमा दुईतर्फी २५–२५ मिटर हुनेछ । बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ । डिजाइनअनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ । दुलेगौडाबाट खैरेनीटार बजारसम्म, कोत्रेबजार क्षेत्र र कास्कीको गगनगौडाबाट पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ।

## सदन...

अविलम्ब सञ्चालन गर्नसमेत माग गर्नुभएको थियो । यसैगरी बैठकमा सांसदहरूले सो पार्टीका सांसद डा सुनिल शर्माको पक्राउ अप्रत्यासित एवं आपत्तिजनक भएको बताउनुभएको छ। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले बिहीबार सांसद शर्मालाई शैक्षिक योग्यताको प्रमाणपत्र कीर्ते गरेको कसुरमा निवासबाटै पक्राउ गरेको थियो। सांसदहरूले पक्राउ पूर्जी नै नदिइकन उहाँलाई पक्राउ गर्नु गैरकानुनी भएको भनी टिप्पणी गर्नुभएको कांग्रेस सचेतक सुशीला थिङले जानकारी दिनुभयो । यस सन्दर्भमा थप जानकारी लिई कांग्रेस संसदीय दलले भोलिको बैठकबाट धारणा प्रष्ट पार्ने जनाएको छ।

बैठकमा आइतबार ३० सांसदहरूले आआफ्नो धारणा राख्नुभएको थियो। सोमबार बस्ने बैठकमा महामन्त्री, उपसभापति र सभापतिले आआफ्नो धारणा राख्नुहुने र बैठक सम्पन्न हुनेछ।

# विदेशी हस्तक्षेपका विरुद्ध वाम एकता विषयक अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, २८ साउन




वसन्धरी गिरीको १४ औं स्मृति दिवसको सन्दर्भ पारेर सहद गिरि–बसन्धरी स्मृति ट्रस्ट कास्की पोखरा र सांस्कृतिक रुपान्तरण अभियान नेपाल पोखरा कास्कीको आयोजनामा “बिदेशी हस्तक्षेपका विरुद्ध वामएकता विषयक अन्तरक्रिया कार्यक्रम” शनिबार सम्पन्न गरेको छ।

वसन्धरी ट्रस्टका अध्यक्ष पूर्ण गिरीको अध्यक्षतामा भएको कार्यक्रममा सस्थाका सदस्य परशुराम कोइरालाले सस्थको अवधारणा पत्र बाचन गर्नुभएको थियो भने कास्की पोखरामा संगठित विभिन्न कम्युनिस्ट पार्टीका पुराना नेताहरू को उपस्थितिमा भएको अन्तरक्रिया कार्यक्रम संस्थाका सदस्य भीमबहादुर रानाभाटले सञ्चालन गर्नुभएको थियो।

अन्तरक्रिया कार्यक्रममा विभिन्न नेताहरुले नेपालका कम्युनिस्टहरु वास्तविक रुपमा कम्युनिष्ट हुन नसकेको बताउनु भएको थियो । कम्युनिस्ट आन्दोलनका धरोहर व्यक्तित्वहरुले नेपालका कम्युनिष्ट हरु नमिल्दा जनताले दुःख पाएको कुनै न कुनै बहानामा सरकार बनेपनि केही राहत पुर्ण कार्यक्रम ल्याउन नसकेको बताउनुभएको थियो।

पटक पटक कम्युनिष्ट पार्टी सत्तामा गएको भएपनि कम्युनिष्ट पार्टी को व्यवहार गर्न नसकेको, नमुना कै रुपमा भएपनि कुनै एक क्षेत्र लाई नमुना को रुपमा सरकारले नेकपाको सरकार आएमा यस्तो सम्म गर्न सकिन्छ भन्ने अनुभूति बिस्वास दिलाउन नसकेको, नयाँ कार्यक्रम ल्याउन नसकेको बताउनुभएको थियो । वामपन्थी एकता गर्न नेताहरूले कसैले पनि नसकेको बरु हरेक पार्टीका केन्द्रिय २०/२५ जना नेताहरु हरुले आफ्नो जुंगाको तजुर्बा देखाउदै तल्ला स्तरका नेता कार्यकर्ता र जनतालाई बेवास्ता गर्दै खान पाइन्न कि भन्ने पिरले धमिलो पानीमा माछा मार्ने प्रवृत्तिलाई निरन्तरता दिई रहँदा नेपालका कम्युनिस्टहरु एक हुन नसकेको बताउनुभएको थियो।

मार्क्सवादी कम्युनिस्ट भनेको परिवर्तन हो, नयाँ सिर्जना हो, विकास हो, अन्तर्राष्ट्रिय जाति हो, गरिबको सुखदुःखको पार्टी हो भनेर यहाँसम्म आइपुग्दा नेपालका जनता कम्युनिस्ट पार्टीलाई विश्वास गरेकोगरेइ छन त्यसैले नेपाल भनेको हो नेपाल कम्युनिस्ट पार्टीहरू को उर्वर भूमि हो। यस्तो हुँदाहुँदै पनि नेपालका कम्युनिष्टहरुले केही गर्न नसकेको बताउनुभएको थियो । अन्तरक्रियामा भागलिने हरुमा क्रमशः शारदा सुवेदी स्थाइ कमिटी सदस्य नेकपा समाजवादी, मित्र कुमारी सुवेदी नेकपा एमाले केन्द्रीय सदस्य, झलकपाणि तिवारी लेखा समिति सदस्य नेकपा-माओवादी, केशबहादुर परियार केन्द्रीय सचिवालय हुनुहुन्छ।

सदस्यहरुमा नेकपा क्रान्तिकारी, बिक्रम थापा सेक्रेटरी नेकपा मसाल, काजी सिह नेकपा बिप्लब सन्त बहादुर घिसिङ त्रिमूल नेपाल पार्टीका केन्द्रीय सदस्य, त्यस्तैग री वैज्ञानिक समाजवादीका यस्तैगरी समाजवादी वैज्ञानिक समाजवादीका कृष्ण जैसी आहुतिले अन्तरक्रिया कार्यक्रममा आफ्नो विचार राख्नुभएको थियो।

# गण्डकी प्रदेशको गौरवको आयोजनामा तीन सम्झौता

**पोखरापत्र संवाददाता**
तनहुं, २८ साउन

गण्डकी प्रदेशको गौरवको आयोजनाका रूपमा रहेको शालिग्राम करिडर लोकमार्ग सडक खण्डमा कालोपत्र कार्यका लागि ठेक्का सम्झौता गरिएको छ।

उक्त सडक खण्डमा कालोपत्र गर्नका लागि तीनवटा ठेक्का सम्झौता गरी ठेकेदार कम्पनी निर्माण स्थलमा खटिसकेका पूर्वाधार विकास कार्यालय तनहुँले जनाएको छ।

शालिग्राम कोरिडरअन्तर्गत कूल ८२ किलोमिटर दूरी सडक रहेको छ। उक्त दूरीमध्ये दासढुङ्गादेखि देउपुरसम्मको छ दशमलव दुई किलोमिटरमा यसअघि नै रू १३ करोडमा कालोपत्र सम्पन्न भइसकेको छ।

देउपुरबाट भतेरीसम्मको करिब १७ किलोमिटर दूरीमा कालोपत्रका लागि चालु आवदेखि नयाँ ठेक्का सम्झौता भएर प्रक्रिया अघि बढेको इन्जिनियर अमरेन्द्र यादवले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त खण्डमा दुई वर्षभित्र कालोपत्र सम्पन्न गर्ने लक्ष्य रहेको छ। यस सडक निर्माणका लागि रू आठ करोड बजेट विनियोजन गरिएको उहाँले जानकारी दिनुभयो । त्यस्तै, घिरिङ्ग गाउँपालिकाको बैदीबाट पुटटारसम्मको ३२ किलोमिटर दूरीमा ग्राभेल सडक निर्माणका लागि दुईवटा ठेक्का सम्झौता भएको छ। घिरिङको करुवाटारसम्मको २१ दशमलव पाँच किलोमिटर दूरीसम्मका लागि रू चार करोडमा सम्झौता भएको छ। करुवाटारदेखि दश दशमलव चार किलोमिटर दूरीका लागि रू चार करोडमा दोस्रोतसम्झौताभएकोइन्जिनियर यादवले बताउनुभयो । दुवै सम्झौताअनुरुप चालु आर्थिक वर्ष ०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ। तीन ठेक्काको लागि कूल रू १६ करोड लागत रहेको छ । शालिग्राम करिडर लोकमार्गअन्तर्गत देवघाटको दासढुङ्गा पुलबाट देउपुर, कोटा, रुपटार, मानपुर, डेढगाउँ, बैदी हुँदै पाल्पाको रामपुर र स्याङ्जा जोड्ने आयोजना रहेको कार्यालय प्रमुख दिनेशराज घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार स्याङ्जाबाट रुपटार, पुटटार मधुवनटारलगायतका छ बस्तीलाई उक्त सडकले जोड्ने छ।

उक्त क्षेत्रमा कृषिदेखि औद्योगिकग्राम स्थापनाको प्रचुर सम्भावना रहेकाले त्यस क्षेत्रका बस्तीलाई सडकसँग जोड्दै आर्थिक विकासका गतिविधि सञ्चालन गर्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो । सुरुमा पाल्पा र स्याङ्जालाई तनहुँसँग जोडेपछि कालीगण्डकी करिडोर हुँदै धार्मिक पर्यटकीयस्थल मुक्तिनाथ मन्दिरसम्म जोड्ने प्रदेश सरकारको दीर्घकालीन योजना रहेको छ।


## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

**विद्युतीय उपकरण(मोबाइल, ट्याब, ल्यापटप आदि)को अधिक प्रयोगले:**

- ◆बालबालिकाको आँखाको ज्योति बिग्रने,
- ◆दिमागमा असर पर्ने,
- ◆समयमा नसुत्ने,
- ◆खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- ◆एकान्तमा बस्न मन पराउने,
- ◆झिज्याहट हुने,
- ◆साथीहरुसँग घुलमिल नहुने,
- ◆एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
- ◆ बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले

***बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं।***

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


# एक सय ५५ सहकारी एकीकरण

**पोखरापत्र संवाददाता**
बालिङ, २८ साउन

गण्डकी प्रदेशका विभिन्न जिल्लामा स्थापना भएका एक सय ५५ सहकारी संस्था एकीकरण भएका छन्।

सहकारीका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ प्रदेश राजपत्रमा प्रकाशित भएर कार्यान्वयनमा आएसँगै सहकारी संस्था एकीकरण भएका प्रदेशस्थित आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ।

ऐन कार्यान्वयनमा आएसँगै विसं २०७९ चैतसम्म एक सय ५५ सहकारी एकापसमा एकीकरण भई ६५ भएका छन् । सहकारी रजिष्ट्रार कार्यालय पोखराका रजिष्ट्रार रोशन अर्यालले कास्की, बाग्लुङ, म्याग्दी, नवलपुर, गोरखा, तनहुँ, लमजुङ, स्याङ्जा र पर्वतका सहकारी संस्था एकीकरण भएका जनाउँदै मनाङ र मुस्ताङमा बाँकी रहेको बताउनुभयो । उहाँका अनुसार सबैभन्दा धेरै कास्कीमा ५६, बाग्लुङ र म्याग्दीमा २७, नवलपुरमा १८, गोरखामा आठ, तनहुँमा सात, लमजुङमा पाँच, स्याङ्जामा चार र पर्वतमा तीन सहकारी संस्था एकीकरण भएका हुन्। एकीकरण हुनेमा बचत तथा ऋण, बहुउद्देश्यीय, सञ्चार, कृषि, दुग्ध उत्पादक, उपभोक्ता, साना किसान सहकारी रहेका अर्यालले जानकारी दिनुभयो।

ऐनमा व्यवस्था भएबमोजिम दुई वा सोभन्दा बढी सहकारी संस्था एकापसमा गाभिएर सञ्चालनमा आएका उहाँको भनाइ थियो। अर्यालका अनुसार एकीकरण गर्दा सम्बन्धित सहकारी संस्थाको कूल कायम रहेका सदस्य सङ्ख्याको बहुमतबाट निर्णय हुनुपर्नेछ भने एकीकरणको सर्त र कार्यविधि खुलाउनुपर्नेछ।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# उच्चस्तरीय छानबिनको पक्षमा खुल्दै कांग्रेस

सुन तस्करी प्रकरणमा उच्चस्तरीय छानबिन समिति बनाउनुपर्ने नेकपा एमालेको मागमा काङ्ग्रेसका एकथरी नेता पनि उभिन पुगेका छन । काङ्ग्रेस संसदीय दलको बैठकमा डाक्टर शेखर कोइराला समेत उच्चस्तरीय छानबिन समितिको पक्षमा विचार राखेका भन । उच्चस्तरीय छानबिन समिति बनाएर यथाशक्य चाँडो छानबिन अघि बढाउनुपर्ने पक्षमा नेताहरू खुल्दैछन । कांग्रेसले आइतबारै त्यसबारे निर्णय लिएर उच्चस्तरीय छानबिन समिति बनाउनुपर्ने र संसद्लाई समेत सुचारु रुपले सञ्चालन गर्न नेतृत्व गर्नुपर्ने माग प्रदीप पौडेलको थियो ।

काङ्ग्रेस सांसद सुनिल शर्माले सुन तस्करीमा गृहमन्त्री नारायण काजी श्रेष्ठ र अर्थमन्त्री प्रकाश शरण महतले नैतिक जिम्मेवारी लिएर राजिनामा दिनुपर्ने माग राखेका थिए । सरकारले उल्टै काङ्ग्रेस सांसद सुनिल शर्मालाई नक्कली सर्टिफिकेटको आरोपमा पक्राउ गर्यो।काङ्ग्रेसमा प्रचण्डको सरकारमा सहभागी मन्त्री बाहेक सांसदहरू सरकारको कार्यशैली विरोधमा छन । नयाँ बानेश्वरस्थित ल्होत्से हलमा जारी कांग्रेसको संसदीय दलको बैठकमा नेता प्रदीप पौडेलले सरकारका उच्च अधिकारीहरूको संलग्नताबिना एयरपोर्टबाट कसैले पनि १०० केजी सुन तस्करी गर्ने कल्पनासम्म पनि गर्न नसक्ने बताए । 'एयरपोर्टबाट १०० किलो सुन ल्याउँदा अध्यागमन र सुरक्षा निकायको मिलेमतो नभएको कुरा कसैले पत्याउँदैन । यो उच्चस्तरकै संलग्नता नभएको हो भनेर यसै भन्न सकिँदैन,' उनले भने, 'यसमा हामी गहन हुनुपर्छ । यो प्रकरणको तीन हप्ता बितिसकेको छ ।

तर छानबिन भएको छैन । यही विषयले संसद् अवरुद्ध छ । त्यसकारण उच्चस्तरीय छानबिन समिति बनाएर अनुसन्धानका लागि बाटो खुला गर्नुपर्छ,। यसको कुनै विकल्पै छैन । यसको मात्रै होइन, अहिलेसम्मका सबै चर्चित भ्रष्टाचारका काण्डहरूको छानबिन गर्नुपर्छ । भन्ने माग धेरैको छ। काङ्ग्रेस सभापति शेर बहादुर देउवालाई रिझाउन सफल भएका सांसदहरू सुन तस्करीमा सरकारको बचाउमा देखिन्छन । काङ्ग्रेसको भन्दा आफ्नो मन्त्रीलाई ठूलो ठान्ने व्यक्तिहरू सरकारको पक्षमा उभिनु सत्ता स्वार्थको नमुना हो । संविधान कार्यान्वयनमा ल्याउन १५० वटा कानुन बनाउन आवश्यक रहेको छ । अहिले संसद्को प्रमुख दलको हिसाबले कांग्रेसले त्यसको अगुवाइ गर्न नसकिरहेको सांसदहरूको ठम्याइ छ । 'संसद्को यतिका समयसम्म जम्मा एउटा कानुन पास गरेको छ। १४ वटा विधेयक अलपत्र परेका छन् । सत्तारुढ दलका सांसदहरू भएकै कारण सरकारले कति बेला के ल्याउँछ र ताली पड्काउने भनेर पर्खिरहनु ठीक होइन ।,''हामीले सरकारलाई औंला ठड्याउन पनि सक्नुपर्छ भन्ने लाइनमा काङ्ग्रेसको इतर समूह उभिएका छन ।

कांग्रेसका मन्त्रीहरूले पनि सरकारमा गएर कुनै उल्लेखनीय सुरूआत गर्न नसकेको सांसदहरूको मुल्यांकन छ । सरकारमा गएको यत्तिका समय भयो । तर अहिलेसम्म सरकार नै नभएको जस्तो अवस्था छ । कमसेकम सरकार छ भन्ने अनुभूति हुने एक दुई वटा भए पनि योजना ल्याइदिनुस्, कार्यक्रम ल्याइदिनुस् । हामीले घोषणापत्रमा दर्जनौं घोषणाहरू राखेका छौं, त्यसको कार्यान्वयन अहिलेको आवश्यकता हो ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : आर्थिक समस्या | मकर | : झमेला बढ्ने |
| सिंह | : मानसिक तनाब | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शारीरिक झमेला | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# प्रहरी चौकी बनाउन जग्गा दान

पोखरापत्र संवाददाता
म्याग्दी, २८ साउन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घारका स्थानीयवासीले प्रहरी चौकीको भवन निर्माणका लागि रु ३५ लाख ५० हजार मूल्यबराबरको जग्गा दान गरेका छन् ।

घारका गणेश र शिव खड्काबाट चार रोपनी दुई आना तीन दाम क्षेत्रफलको जग्गा प्राप्त भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरी नायब उपरीक्षक मदन कुँवरले गणेशले दुई रोपनी १० आना एक दाम एक पैसा र शिवले एक रोपनी सात आना तीन दाम दुई पैसा क्षेत्रफलको जग्गा उपलब्ध गराउनुभएको जानकारी दिनुभयो । "चलनचल्तीको भाउअनुसार गणेशले रु २१ लख ४५ हजार र शिवले रु १२ लाख पाँच हजार मूल्यबराबरको जग्गा निःशुल्क उपलब्ध गराउनुभएको हो", उहाँले भन्नुभयो, "जग्गा प्राप्त भएपछि प्रहरी चौकी शिख घारको भवन निर्माणका लागि बजेट व्यवस्थापन गर्न माथिल्लो निकायमा प्रस्ताव गरेका छौँ ।"

स्थानीय जनप्रतिनिधि, अगुवा र सुरक्षा अधिकारीको पहलमा जग्गा व्यवस्थापन भएको हो । म्याग्दीमा सदरमुकाम बेनीको जिल्ला प्रहरी कार्यालय मातहत १७ वटा चौकी तथा पोष्ट छन् । घोरेपानी, घार, भुरुङ-तातोपानी, भगवती, पाखापानी, चिमखोला, तिप्ल्याङ, गलेश्वर, कालीपुल, मङ्गलाघाट, रत्नेचौर, सिङ्गा तातोपानी, बाबियाचौर, दरबाङ र ताकममा प्रहरी एकाइ छन् । जिल्ला प्रहरी कार्यालय ताकम प्रहरी चौकी, सीमा प्रहरी चौकी भुरुङ तातोपानीको मात्र आफ्नै भवन छन् । अन्य प्रहरी युनिट सामुदायिक भवन र भाडाको घरबाट सञ्चालन भएका छन् । पूर्वाधार अभावमा सुरक्षाकर्मीको आवास व्यवस्थापन, प्रशासनिक काम र पक्राउ परेका व्यक्तिलाई राख्न समस्या भएको छ । प्रहरी चौकीको भवन बनाउन जग्गाको अभाव प्रमुख समस्या देखिएको छ ।

# हेमराज पहारी परिवारद्धारा केदारेश्वर आश्रम संचालनको लागि आर्थिक सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २८ साउन



आफ्ना बाबु भानुभक्त पहारीको स्मृतिमा पोखरा ६ बैदामका हेमराज पहारी परिवारबाट केदारेश्वर आश्रम संचालनको लागि आर्थिक सहयोग गर्नु भएको छ।

केदारेश्वर महादेवमणी सेवाश्रम समितिका संस्थापक उपाध्यक्ष समेत रहनु भएका स्व.भानुभक्त पहारीको स्मृतिमा आफ्नो जन्मदिनको अवसरमा हेमराज पहारी परिवारबाट १ लाख ५० हजार रुपैया आर्थिक सहयोग हस्तान्तरण गरिएको पहारी परिवारले जनाएको छ ।

केदारेश्वर महादेवमणी सेवाश्रम समितिका स्वामि डा.लेखनाथ आचार्य (चिद्धन चैतन्य) लाई पहारी परिवारले उक्त रकम हस्तान्तरण गर्नु भएको हो । आफ्नो बाबुको स्मृतिमा आफ्नो जन्म दिनको अवसर पारेर केदारेश्वरमा सानो रकमको अक्षयकोष स्थापना गरिएको हेमराजले बताउनु भयो ।साथै पहारी परिवारले आश्रममा रहेका बिद्यार्थी तथा अन्य सहभागिहरुलाई दिवा खाना सहितको दक्षिणा समेत प्रदान गरेको हेमराजले बताउनु भयो ।

स्व.भानुभक्तकी धर्मपत्नी पूर्णकुमारी पहारी, छोराहरु हेमराज, शिवराज, छोरी/ज्वाई तिला बराल/ठाकुर बराल, बुहारी उर्मिला पहारी, साबित्री पहारी लगायतको कार्यक्रममा सहभागिता रहेको थियो । कार्यक्रममा बोल्दै स्वामि डा.आचार्यले विभिन्न सहयोगी दाताहरुको सहयोग र मन्दिरमा प्राप्त दानबाटै आश्रम संचालन हुँदै आएको बताउनु भयो । जन्म दीनमा यसरी आफ्ना बाबुको स्मृतिमा पुण्य काम गर्नु समाजको प्रशंसनीय कार्य भएको उहाँको भनाई थियो । यसैबिच, पहारी परिवारले गुल्मीको श्रीराम मन्दिर रुद्रवेणीमा रहेको बृद्धाआश्रममा समेत आइतबार विहानको खानाको व्यबस्था गरेको हो । उक्त आश्रममा हाल ३२ जना बृद्धाहरु हुनु हुन्छ । बाबुको प्रेरणाबाट आफुहरुले पनि विभिन्न सामाजिक कार्य गर्दै आएको हेमराजले जनाउनु भयो । बाबु भानुभक्तको निधन भएको तिथी र जेठो छोरा हेमराजको जन्म दिन एकै दिन परेको हो ।

# पहिराले उत्तरी गोरखाको झोङगाउँका १० घर जोखिममा

पोखरापत्र संवाददाता
गोरखा, २८ साउन

केही दिनदेखि लगातार परेको अबिरल वर्षाका कारण माथिबाट झरेको पहिराले उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-७ छेकम्पार स्थित झोङगाउँका १० घर जोखिममा परेका छन् । चुमनुब्री गाउँपालिकाका अध्यक्ष निमा लामाले पहिरो झरेपछि झोङगाउँका १० घर जोखिममा परेको जानकारी दिनुभयो ।

पहिरासँगै आएको ढुङ्गासहितको लेदो घरमा पसेर क्षति पुर्याएको उहाँको भनाइ छ। त्यस्तै पहिरो बगेर झोङगाउँमा स्थानीयले लगाएको फापर तथा तोरी बारीसमेत नष्ट बनाएको उहाँको भनाइ छ । "पहिराले नजिकै रहेको चरन क्षेत्रमा समेत क्षति पुर्याएको छ", अध्यक्ष लामाले भन्नुभयो, "घर तथा खेतबालीमा समेत क्षति पुर्याएकाले पीडित समस्यामा परेका छन् ।"

पहिरा रोकथामका लागि गाउँपालिकाले आवश्यक पहल गरिरहेको जनाइएको छ । थप क्षति हुन नदिन र जोखिममा परेका घर जोगाउनका लागि ग्याबियन तारजाली हाल्ने तयारी गरिएको अध्यक्ष लामाले बताउनुभयो । प्रहरी र जनप्रतिनिधिको टोली पहिरो प्रभावित क्षेत्रमा पुगेर स्थलगत अवलोकन गरी जोखिमको अवस्थाका बारेमा समेत जानकारी लिइसकेको उहाँको भनाइ छ ।

# ड्रागन फ्रुट खेतीबाट पहिलो खेपमा लाख कमाई

पोखरापत्र संवाददाता
बागलुङ, २८ साउन

बागलुङका निर्माण व्यवसायी विमलेश आचार्यले पहिलोपटक बागलुङमा ड्रागन फ्रुटको व्यावसायिक उत्पादन थाल्नुभएको छ । बागलुङमा ड्रागन फ्रुटको व्यावसायिक खेती थालेको एक वर्षमै उत्पादन दिन थालेपछि अहिले यहाँ यसको उच्च माग हुन थालेको छ ।

बहुगुणी फलफूलका रूपमा रहेको ड्रागन फ्रुटको व्यावसायिक खेती थाल्नुभएका बागलुङ नगरपालिका-१ रामरेखाका उहाँले पहिलो चरणमा यसको फल उत्पादन गरी रु एक लाखमा एक सय ५० केजी फ्रुट बिक्रीसमेत गरिसकेको बताउनुभयो ।

रातो रङ्गको ड्रागन फ्रुटको व्यावसायिक खेती गर्नुभएको आचार्यले एक वर्षमै उत्पादन दिन थालेपछि आफू दङ्ग परेको उल्लेख गर्नुभयो। जिल्लामै ठूलो क्षेत्रफलमा यो खेती गर्ने उहाँ पहिलो कृषक हुनुहुन्छ । "छ रोपनी जग्गामा गरिएको उक्त खेतीबाट अहिले उत्पादन सुरु भइरहेको छ, पहिलो चरणमा एक सय ५० केजी ड्रागन फ्रुट बिक्री भइसकेको छ, दोस्रो चरणमा अझ धेरै उत्पादन हुन्छ, माग अत्यधिक भएकाले फार्मबाटै फ्रुट बिक्री भइरहेको छ", आचार्यले भन्नुभयो, " पूर्वमन्त्री लोकेन्द्र विष्टलगायत सफल ड्रागन व्यवसायीको प्रेरणाबाट मैले यो खेती एक वर्षअघिदेखि आफ्नै छ रोपनी जग्गामा ड्रागन फ्रुटका बिरुवा लगाएको थिए, दुई हजार एक सय ड्रागन फ्रुटका बिरुवा लगाइएकामा सबै बिरुवा राम्रोसँग हुर्किएर फल लाग्न थालेपछि हर्षित भएको छु, सबै बिरुवा मोरङ जिल्लाबाट ल्याएको थिए ।" उहाँका अनुसार ड्रागन फ्रुट सी भेराइटी मध्येको रातो जातको हो । अहिले आचार्यले प्रतिकेजी रु पाँच सयका दरले ड्रागन फ्रुट बिक्री गरिरहनु भएको छ । पछिल्लो समय निकै राम्रो मूल्य र बजारमा माग पनि बढेकाले बागलुङमा व्यावसायिकरूपले यसको उत्पादन थालिएको हो । ड्रागन फ्रुटको महत्व थाहा पाएपछि पूर्वमन्त्री लोकेन्द्र विष्ट लगायतले खेती अवलोकन गर्नुभएको थियो । आचार्यले यस खेतीका लागि कृषि ज्ञान केन्द्रले प्राविधिकसँगै मल्चिङ प्लास्टिक र थोपा सिँचाइका लागि सहयोग गरिरहेको बताउनुभयो । निर्माण व्यवसायीसमेत रहनुभएका उहाँले यो खेती विस्तारका लागि रु ५० लाख लगानी गरी प्रतिबिरुवा रु चार सयमा खरिद गरेर लगाइएको जानकारी दिनुभयो । ड्रागन फ्रुटका लागि सिमेन्टको पोल र टायरसमेत आवश्यक पर्ने भएकाले छ सय सिमेन्टका पोल र टायरमा दुई हजार एक सय बिरुवा आचार्यले लगाउनुभएको थियो । जग्गा व्यवस्थापन, तारबार, टायर, बिरुवा र पोललगायतका लागि रु ५० लाखभन्दा बढी लगानी गरिसकेको र आगामी दिनमा लगानी बढाउने योजना रहेको उहाँको भनाइ थियो । आचार्यले १४ थरी फलबाट आउने पोषण तत्व ड्रागन फ्रुटबाट मात्रै पाइने भएकाले यसको बजारका लागि कुनै समस्या नदेखेपछि आफूले यसतर्फ लगानी बढाउँदै लगेको बताउनुभयो। ड्रागन फ्रुटको व्यावसायिक खेतीमा सुरुमा धेरै लगानी गरे पनि पछि राम्रो कमाई हुने गरेको छ । उहाँले ड्रागन फ्रुट रोपेको १८ महिनाभित्रै उत्पादन भइसक्ने अनुमान गरिएकामा एक वर्षभित्रै फल लागेपछि खुसी भएको बताउनुभयो ।

ड्रागन फ्रुटका लागि पोल र सुरक्षाका लागि गरिने तारबारका कारण सुरुआती लगानी नै धेरै भए पनि त्यसपछि खर्च घटेर आम्दानी बढ्दै जानेछ । कृषि ज्ञान केन्द्रका प्रमुख भानुभक्त भट्टराईले बागलुङमा पहिलो पटक ड्रागन फल उत्पादन भएको बताउनुभयो । "उहाँले आफ्नै लगानीमा फर्म स्थापना गर्नुभएको हो, तर पछि हाम्रो प्राविधिक सहयोगसँगै मल्चिङ प्लास्टिक र सिँचाइका लागि सहयोग गरिएको छ", प्रमुख भट्टराईले भन्नुभयो, "उच्च व्यावसायिकता भएको ड्रागन फलको बजार निकै राम्रो छ ।" दक्षिण पूर्वी एसियाका देश भियतनाम, फिलिपिन्स, थाइल्यान्डलगायत हुँदै अहिले यो फल नेपालमा भित्रिएको छ ।

ड्रागन फल गर्मी र सुक्खा हावापानीमा हुने सिउडी प्रजातिको फलफूल हो । यस फलको जातमा रातो बोक्रा, पहेँलो बोक्रा र सेतो रङ हुने गरेको छ । यस फलमा १२ प्रकारका मिनिरल्स तथा भिटामिन पाइन्छ । यो फलमा क्यान्सरबिरुद्ध प्रतिरोधात्मक गुण हुन्छ । जस्तोसुकै माटोमा खेती गर्न सकिने यस फललाई गमला, छत तथा करेसामा पनि लगाउन सकिन्छ ।

# कागबेनीमा बाढी पस्यो

पोखरापत्र संवाददाता
म्याग्दी, २८ साउन

मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ कागबेनीमा आएको बाढीले यहाँको भौतिक संरचनामा ठूलो क्षति पुऱ्याएको छ । आइतबार साँझ आएको बाढीले यहाँका घर, सडक एवं सार्वजनिक भवनमा क्षति पुऱ्याएको हो ।

गाउँपालिकाको केन्द्रसमेत रहेको धार्मिकस्थल कागबेनीमा राति ८ बजे कागखोलामा आएको बाढी पसेर घर, सडक, सार्वजनिक भवन र पुलमा क्षति गरेको हो । बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन गुरुङले करिब एक सय घरधुरी रहेको कोगबेनीको बीच बस्तीमा कागखोलाको बाढी पसेको जानकारी दिनुभयो ।

"राति ८ बजे कागखोलामा आएको बाढी बस्तीमा पसेर भागाभाग भएको छ", उहाँले भन्नुभयो, "तीन वटा घर, तीन वटा पुल र सडक बगाएको छ । खोला आसपासका धेरै घरमा बाढी पसेको छ । स्थानीयवासीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिरहेका छौँ । राति भएकाले सबै क्षतिको विवरण सङ्कलन गर्न सकिएको छैन ।"

मानवीय क्षति नभए पनि भौतिक संरचनामा धेरै क्षति भएको अध्यक्ष गुरुङले बताउनुभयो । कागबेनीभन्दा केही माथि रहेको तिरिखोला थुनिएर बाढी आएको गाउँपालिकाले जनाएको छ । नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी, जनप्रतिनिधिहरु उद्धारमा परिचालन भएका छन् ।

खम्बा बगाएकाले विद्युत् सुविधा अवरुद्ध भएको छ। कागबेनी हुँदै उपल्लो मुस्ताङ जाने सडक अवरुद्ध बनाएको छ । सिँचाइको नहर, गुम्बामा पनि बाढीले क्षति गरेको छ । मुक्तिनाथबाट बगेर आउने कागखोला कागबेनीको बीच भागमा छ । कागबेनीको जनशान्ति माविका शिक्षक मनवीर किसानले कागबेनीको पूजास्थल, पुल बाढीले बगाएको र विद्यालयको खेलमैदानमा बाढी पसेको जानकारी दिनुभयो । करिब १५ मिटर कटान गरेर कागखोला विद्यालय नजिक पुगेको उहाँले बताउनुभयो । बाढी आएपछि छात्राबासका शिक्षक विद्यार्थी सुरक्षित ठाउँमा गएर बसेको शिक्षक किसानले बताउनुभयो ।

**बुटिक बिक्रीमा**

सृजनाचोकमा अत्यन्त चालु अवस्थामा रहेको बुटिक पसल विशेष कारणवस तुः बिक्रीमा छ ।

सम्पर्कः ९८१५१५६३०३

**त्रिभुवन विश्वविद्यालय**
**वन विज्ञान अध्ययन संस्थान**
**पोखरा क्याम्पस**
**पोखरा, नेपाल**

**मेस (क्यान्टिन) संचालन सम्बन्धी शीलबन्दी बोलपत्र आव्हानको सूचना ।**

यस क्याम्पस परिसर भित्र रहेको मेस (क्यान्टिन) ठेक्काबाट संचालन गर्नुपर्ने भएको हुँदा मेस संचालन गर्न इच्छुक भ्याट वा प्यान दर्तावाला ठेकेदारहरुबाट मिति २०८०/०५/११ गते भित्र रीतपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

निमित्त क्याम्पस प्रमुख

# कालीगण्डकीको नदीजन्य उत्खनन् रोक्न माग

**रासस**
पर्वत, २८ साउन

मुस्ताङको मुक्तिनाथ र दामोदरकुण्डबाट उत्पत्ति भई म्याग्दी, बागलुङ, पर्वत, स्याङ्जा, गुल्मी, पाल्पा हुँदै बग्ने पवित्र कालीगण्डकी नदीको सभ्यता संरक्षणमा सरोकारवालाले जोड दिएका छन् ।

शालिग्राम पाइने नदी भएकाले यसको उचित संरक्षण र संवर्द्धनमा जोड दिइएको हो । पर्वत सदरमुकाम कुश्माबजारमा आयोजित विश्व शान्ति गण्डकी महासभा विषयक प्रवचन तथा अन्तर्क्रियामा सहभागीले नेपालमा मात्र नभई विश्वमै कालीगण्डकी नदीको छुट्टै पहिचान र विशेषता रहेको तथा मानव जीवनसँग प्रत्यक्ष जोडिएकाले यसको सभ्यता जोगाउनुपर्ने बताएका छन् । नदीको पर्यावरणीय संरक्षण र यहाँको प्राकृतिक स्रोत तथा सम्पदाको उचित सदुपयोग गरी नदीको सभ्यतालाई जोगाउनुपर्ने, पर्यावरण नखलबल्लिने गरी नदीजन्य पदार्थ उपयोग गर्नुपर्नेजस्ता विभिन्न विषयमा चर्चा-परिचर्चा गरिएको हो । कालीगण्डकीको संरक्षण र प्रवर्द्धनमा लामो समयदेखि सक्रिय मुक्तिनाथ पिठाधीश्वर स्वामी कमलनयनाचार्यले कागवेनीबाट त्रिवेणीधामसम्मको कालीगण्डकीको सभ्यता जोगाउनका लागि सबैको ध्यान जानुपर्नेमा जोड दिनुभयो । धार्मिक, आध्यात्मिक, सांस्कृतिक एवं पर्यटकीय र पर्यावरणीय हिसाबले समेत उत्तिकै महत्त्वपूर्ण रहेको कालीगण्डकी नदी र शालग्राम शिला सङ्कटमा पर्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै उहाँले यसको संरक्षण तथा विकासका लागि आफू निरन्तर सक्रिय रहँदै आएको बताउनुभयो ।

उहाँले कालीगण्डकीको संरक्षणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउन आगामी फागुन ९ देखि २३ गतेसम्म बागलुङको सर्वसिद्धिधाम पञ्चकोटमा अनन्तश्री ब्रह्माण्डीय महायज्ञ आयोजना गरिएको बताउनुभयो । कार्यक्रममा प्राध्यापक डा जगन्नाथ रेग्मीले कालीगण्डकीको अस्तित्व जोगाउन नसके मानव जीवन नै सङ्कटमा पर्ने बताउनुभयो । जन्मेदेखि मृत्युपर्यन्त आवश्यक गण्डकीको जल संरक्षणमा राज्यको ध्यान जानुपर्नेमा उहाँको जोड छ । पछिल्लो समय अवैधरूपमा भइरहेको नदीजन्य वस्तु उत्खननले कालीगण्डकी र शालिग्राम शिला सङ्कटमा परेको जनाउँदै यस्तो गैरकानुनी कार्य तत्काल रोकिनुपर्नेमा जोड दिनुभयो । कालीगण्डकी नदी धार्मिक एवं पर्यटकीय हिसाबले उत्तिकै महत्त्वपूर्ण रहेकाले यसको उचित संरक्षण र संवर्द्धन गर्न सकेमा सिङ्गो मुलुकको अर्थतन्त्र माथि उकासिने उहाँको भनाइ छ । कार्यक्रममा संविधानसभा सदस्य तथा पूर्वमन्त्री विकास लम्सालले कालीगण्डकीको सभ्यता संरक्षणका लागि आफू लामो समयदेखि सक्रिय रहँदै आएको जनाउँदै मुक्तिनाथबाट देवघाटसम्मको नदीको अस्तित्व जोगाउनका राज्यले नै ध्यान दिनुपर्ने बताउनुभयो । गण्डकी प्रदेशसभा सदस्य भक्त कुँवरले धार्मिक, सांस्कृतिक तथा पर्यटकीय हिसाबले महत्त्वपूर्ण पवित्र कालीगण्डकीको संरक्षणका लागि प्रदेश सरकारमार्फतपहलगर्नेप्रतिबद्धता जनाउनुभयो । अवैधरुपमा नदी दोहन रोक्न, शालिग्राम शिलाको संरक्षणलगायत नदी वरपर पाइने जलचर, थलचरसमेतको संरक्षणमा सरकारको ध्यानाकर्षण गराउने बताउनुभयो ।

मुक्तिनाथबाट देवघाटसम्म थुप्रै धार्मिकस्थल जोडिएका छन् । कालीगण्डकी नदीलाई संरक्षण र संवर्द्धन गरिएन भने संस्कार, संस्कृति र यहाँको पर्यावरणमा ठूलो असर पर्ने प्रमुख जिल्ला अधिकारी प्रेम आचार्यले बताउनुभयो । उहाँले राज्य र प्रशासन मात्र नभई आम नागरिकसमेत कालीगण्डकीको संरक्षणमा जुट्नुपर्ने बताउनुभयो । कालीगण्डकी नदीको पर्वत र म्याग्दी खण्डमा भइरहेको अवैध दोहनले पर्यावरणमा समेत असर गर्दै गएकोछ । यसकालागि तीनै तहका सरकार जिम्मेवार भएर संरक्षणमा लाग्नुपर्ने कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चण्डिका पौडेलले बताउनुभयो ।

# मनाङको अवस्था : ३५ किलोमिटरमा ३५ पहिरा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ साउन

हिमाली जिल्ला मनाङमा आवतजावत पूर्ण रूपमा अवरुद्ध भएको छ । डुम्रे-बेसीसहर-चामे सडकअन्तर्गत लमजुङको बेसीसहर नगरपालिका-६ खरखरेमा ट्र्याक भासिएपछि आवागमन अवरुद्ध भएको हो । शुक्रबारदेखि परेको निरन्तर वर्षाका कारण यस सडक खण्डमा आवतजावत रोकिएको आयोजना कार्यालयले जनाएको छ ।

यस सडक खण्डअन्तर्गत लमजुङतर्फ बेलौती बिसौना, खरखरे, रामबजार, घोप्टे भिर, च्याम्चेलगायतका स्थानमा पहिरा खसेको आयोजना कार्यालयका सबइन्जिनियर सुमन अधिकारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "केही स्थानमा पहिरा खसेर अवरुद्ध भएका छन् भने खरखरेमा ट्र्याक नै भासिएको छ, यसले मनाङ आवतजावत ठप्प भएको छ ।" सडक सञ्चालनका लागि विभिन्न स्थानमा पहिरो पन्छाउने काम गरिरहेको उहाँले बताउनुभयो । निरन्तर वर्षा भइरहेकाले पहिरा पन्छाउन समस्या भइरहेको भन्दै उहाँले सडक सञ्चालनका लागि प्रयास जारी रहेको जानकारी दिनुभयो । सडकमा खसेको ढुङ्गा, माटो फाल्दै गर्दा माथिबाट पहिरो खसिरहेको जनाउँदै सबइन्जिनियर अधिकारीले जोखिम मोलेरै काम गरिरहेको बताउनुभयो । यस सडक खण्डअन्तर्गत मनाङतर्फ भन्दा लमजुङतर्फ बढी पहिरा खसेको उहाँले जानकारी दिनुभयो । "लमजुङतर्फ ३५ किलोमिटर छ । किलोमिटर पिच्छे ३५ पहिरा खसेका छन्", उहाँले भन्नुभयो ।

प्रमुख जिल्ला अधिकारी सुप्रभा खनाल ढुङ्गेलले मनाङमा वर्षा नभए पनि लमजुङतर्फ निरन्तर वर्षा भइरहेकाले बताउनुभयो । उहाँले पहिराका कारण सडक अवरुद्ध रहेकाले पुनःसञ्चालनका लागि पहल भइरहेको जानकारी दिनुभयो । डुम्रे-बेसीसहर-चामे-खाङ्सारसम्म एक सय पाँच किलोमिटर छ । यसमध्ये डुम्रे-बेसीसहर-चामे सडक खण्डको ३० किलोमिटरमा पहिरा खसिरहने गरेको छ । खसेको पहिरा हटाउन आयोजना कार्यालयले विभिन्न स्थानमा एक्साभेटर तयारी अवस्थामा राखेको जनाएको छ ।

# पहिरोले मालढुङ्गा–बेनी सडक अवरुद्ध

**पोखरापत्र संवाददाता**
पर्वत, २८ साउन

छिमेकी जिल्ला म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने मालढुङ्गा-बेनी सडक अवरुद्ध बनेको छ । पर्वतको जलजला गाउँपालिका-७ केराबारीमा सडक माथिबाट ठूला ढुङ्गा र लेदोसहित खसेको पहिरोले आज दिउँसो ३ बजेदेखि सडक अवरुद्ध बनेको हो । निरन्तर वर्षा भइरहेकाले सडक खुलाउन समस्या भइरहेको जिल्ला प्रहरी कार्यालय पर्वतले जनाएको छ । सडक खुलाउनका लागि जेसीभी र सुरक्षाकर्मी तयारी अवस्थामै रहे पनि वर्षा नरोकिएको र पहिरो खस्ने क्रम निरन्तर चलिरहेकाले तत्काल खुलाउन समस्या भइरहेको छ । वर्षा रोकिएपछि खुलाउन पहल गरिने प्रहरी निरीक्षक प्रकाश रावतले जानकारी दिनुभयो । सडक अवरुद्ध हुँदा म्याग्दी र मुस्ताङदेखि छुटेका लामो तथा छोटो दूरीका सवार साधन मिलनचोक र अन्यत्रबाट ती जिल्लाका लागि आएका सवारी साधन लस्तीबजारमा अलपत्र बनेका छन् । प्रहरीले उक्त बाटो सञ्चालन नहुने बेलासम्म छिमेकी बागलुङ जिल्लातर्फको सडक प्रयोग गर्न यात्रु तथा सवारी चालकलाई अनुरोध गरेको छ ।

# पाँच वर्षमा पाँच हजार घरमा धारा

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ साउन

जिल्लाका सुगमदेखि दुर्गम गाउँसम्म अहिले पनि खानेपानीको सहज पहुँच पुगेको छैन । मुहान बस्तीभन्दा धेरै टाढा हुँदा स्थानीय एक गाग्री पानी भर्नका लागि घण्टौं कुर्न बाध्य छन् । पाँच वर्षअघिसम्म जिल्लाका धेरै ठाउँमा खानेपानीको समस्या रहेकामा अहिले अधिकांश क्षेत्रमा आधारभूत खानेपानीको सुविधा पुगेको छ ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङका अनुसार जिल्लामा ८७ प्रतिशतमा आधारभूत खानेपानीको पुगेको छ भने अझै पनि १३ प्रतिशत नागरिक खानेपानीको पहुँचभन्दा बाहिर छन् । सङ्ख्यात्मक रूपमा हेर्दा जिल्लाका १६ हजार आठ सय ५८ जनामा खानेपानीको पहुँच पुगेको छैन । जिल्लामा विसं २०७५ देखि नेपाल स्वास्थ्यका लागि पानी (नेवा) ले कार्यालय स्थापना गरी काम गर्दै आएको छ । खानेपानीको सबैभन्दा धेरै समस्या रहेको ढोरपाटन, निसीखोला, बडिगाड, तमानखोला गाउँपालिकाबाट काम सुरु गरिएको नेवाले जनाएको छ ।

नेवाका प्रदेश कार्यालय प्रमुख रमेश दाहालले अहिले बागलुङसँगै म्याग्दीमा पनि काम खानेपानीको पहुँच विस्तारका क्षेत्रमा काम गरिरहेको बताउनुभयो । उहाँका अनुसार हालसम्म दुई जिल्लाका विभिन्न ठाउँमा पाँच हजार आठ सय ३० धारा निर्माण गरेर सञ्चालनमा आएका छन् । ती धाराबाट बागलुङ र म्याग्दीका ६५ हजार छ सय ७७ नागरिक प्रत्यक्ष लाभान्वित भएका छन् । केन्द्र, प्रदेश र स्थानीय सरकारसँगको समन्वयमा नेवाले काम थालेको जनाउँदै प्रमुख दाहालले सुरक्षित खानेपानीसँगै पूर्णसरसफाइ र स्वच्छताका क्षेत्रमा पनि काम गरिरहेको जानकारी दिनुभयो । खानेपानी पुऱ्याउन बाँकी गाउँमा पनि विस्तारै पहुँच विस्तार गर्दै लगिने उहाँको भनाइ थियो ।

"गत वर्षसम्म निसीखोला गाउँपालिका-६ फुल्काधाराका स्थानीयको दैनिकी पानी बोक्दैमा बित्ने गर्थ्यो । घर, टोलमा धारा थिएनन् । पोखरी, कुवा र खोलाको दूषित पानी उपभोग गर्नुपर्ने बाध्यता थियो", प्रमुख दाहालले भन्नुभयो, "अहिले यहाँका घर-घरमा नयाँ धारा बनेका छन् । अन्य गाउँमा पनि पानी पुऱ्याउने उद्देश्यले काम गरिरहेका छौँ ।" धारामा शुद्ध पानी आउन थालेपछि स्थानीय निकै खुसी भएका छन् । घरघरमा पानी आउन थालेपछि टाढाबाट बोकेर ल्याउनुपर्ने बाध्यता हट्नुका साथै पहिले दूषित पानीका कारण लाग्ने झाडापखाला, आउ, ज्वरोलगायत रोगबाट पनि बच्न सकिने स्थानीय चन्द्रकला घर्ती मगरले बताउनुभयो । "अहिले घर-घरमा धारा बनेर कति सजिलो भएको छ । पहिलो एक गाग्री पानी ल्याउन खोला, कुवा र पोखरी चाहर्दैमा दिन बित्थ्यो, अहिले घर अगाडिका धारमा जति बेला पानी भरे पनि भयो," उहाँले भन्नुभयो, "अहिले बल्ल सरकारले हाम्रो समस्या बुझिदिनुभयो ।" पहिले प्रायः ज्वरो आउने, पखाला लाग्ने, टाउको दुख्ने हुने गरेकामा पछिल्लो समय बिमार कम हुन थालेको उहाँले बताउनुभयो ।

निसीखोला-६ भलकोटकका स्थानीयले अघिल्लो वर्षसम्म नजिकैको खोला र कुलोबाट पानी बोकेर गर्जो टार्थे । "एक घण्टाको दूरीमा रहेको धाराबाटा पानी बोक्दा हामीलाई घरायसी काम भ्याउन निकै मुस्किल थियो । अहिले सिङ्गो गाउँमै खानेपानीको समस्या छैन", स्थानीय नरकुमारी घर्ती मगरले भन्नुभयो, "प्रत्येक घरमा खानेपानीको धारा बनेपछि गाउँलेको दैनिकी बदलिएको छ ।" उहाँका अनुसार एक वर्षअघि नेवाले गाउँका सबै घरमा खानेपानीको धारा निर्माण गरी शुद्ध खानेपानी वितरण गरेको थियो । शुद्ध पानी आउन थालेपछि स्वास्थ्य र सरसफाइमा समेत टेवा पुगेको मगरले बताउनुभयो । "आँगनमै पानी आउन थालेपछि पानीका लागि दैनिक एक घण्टा लगाएर टाढा जानुपर्ने बाध्यता हटेको छ", उहाँले भन्नुभयो, "स्वास्थ्य, सरसफाइलगायत क्षेत्रमा यहाँका स्थानीयले ध्यान दिन थालेका छन् ।"

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत पर्ने बडिगाड गाउँपालिका-६ छिसफाँटमा पनि खानोपानीको समस्या थियो । अहिले सबैका घरमा धारा बनेपछि स्थानीय हर्षित भएका छन् । खानेपानीको सुविधा पाएसँगै गाउँलेको जीवनशैलीमा परिवर्तन आएको स्थानीय सुमित्रा घिमिरे खत्रीले बताउनुभयो । सरसफाइका साथै तरकारी खेती गर्न पनि सहज भएको उहाँको भनाइ थियो । गत वर्ष गाउँपालिका र नेवाको सहकार्यमा निर्माण भएको 'एक घर एक धारा' अभियानअन्तर्गत खानेपानीको पहुँच विस्तार भएको उहाँले जानकारी दिनुभयो । धारा, पाइपालन, ट्याङ्कीलगायत पूर्वाधार निर्माण गर्दा हालसम्म रू ३३ करोड ५२ लाख ७८ हजार खर्च भएको नेवाले जनाएको छ । खानेपानीको समस्या भएको क्षेत्रका स्थानीयको जनसहभागितामा पालिकासँग समन्वय गरी 'एक घर एक धारा'अन्तर्गत आधारभूत खानेपानीको पहुँच पुऱ्याउन अभियान थालिएको नेवाका प्रदेश कार्यालय प्रमुख दाहालले बताउनुभयो । नागरिकको समस्या सम्बन्धित पालिकामार्फत कार्यालयमा आएपछि समाधान लागि पहल गर्ने गरिएको उहाँले बताउनुभयो । "पाँच वर्षमा बागलुङमा धेरै धाराहरू निर्माण गऱ्यौँ, अघिल्लो आर्थिक वर्षदेखि म्याग्दीमा पनि काम सुरु गरेका छौँ । हामीले स्थानीय सरकार र जनतासँग सहकार्य गरेर काम गर्ने गरेका छौँ", प्रमुख दाहालले भन्नुभयो, "पालिकाले २० देखि ५० प्रतिशत लगानी गर्छ । स्थानीयले जनश्रमदान गर्नु हुन्छ । अन्य आवश्यक बजेटका साथै प्राविधिक सहयोग कार्यालयले गर्छ ।"

# ऋण चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रकाशित मिति : २०८०/०४/२९**

**यस संगम बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपसिलमा उल्लेखित सदस्यहरुले विभिन्न शीर्षकमा ऋण लिनु भएकोमा उक्त ऋणको संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याज निर्धारित समयभित्र नतिरी नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गर्नु भएको र यस सम्बन्धमा पटकपटक मौखिक तथा लिखित जानकारी गराउदा समेत आफुले बुझाउनु पर्ने पुरा रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज एवम् हर्जाना र अन्य दै–दस्तुर वापतको रकम समेत बुझाउनु भई ऋण चुक्ता वा नियमित गराउनु हुन अनुरोध गरिन्छ । अन्यथा तपाई ऋणी सदस्यले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको चल अचल सम्पति सहकारी ऐन, नियमावली तथा संस्थाका विनियम एवम् ऋण नीति तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने र उक्त धितो सुरक्षण वापतको सम्पत्ति बिक्रीबाट प्राप्त हुने रकम संस्थाको लेना रकमको लागि पर्याप्त नभएमा वा धितो सुरक्षण नभएकोमा समेत सम्बन्धित ऋणी सदस्य तथा धन जमानत दिने सदस्यको अन्य जायजेथाबाट समेत प्रचालित कानुन बमोजिम असुलउपर गरिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।**

**तपशिल**:

| क्र.सं | ऋणी तथा धनजमानतको नाम थर | धनजमानीको नाम र ठेगाना | धितोमा रहेको सम्पतिको विवरण |
|---|---|---|---|
| १ | नाम : राम कुमारी गुरुङ्ग<br>पतिको नाम : तेज बहादुर गुरुङ्ग<br>ससुराको नाम : ओम बहादुर गुरुङ्ग<br>स्थायी ठेगाना : पुतलीबजार - २, स्याङ्गजा<br>हालको ठेगाना : पोखरा-११, फुलबारी<br>नागरिकता नं : ३११८८७<br>जारी मिति र स्थान : २०५२/१२/२८, स्याङ्गजा | नाम : पदम कुमारी गुरुङ्ग<br>पतिको नाम : ईन्द्र प्रसाद गुरुङ्ग<br>ससुराको नाम : गणेश बहादुर गुरुङ्ग<br>स्थायी ठेगाना : राङ्गभाङ्ग-०३, स्याङ्गजा<br>हालको ठेगाना : पोखरा-१२, माटेपानी<br>नागरिकता नं : १२९४<br>जारी मिति र स्थान : २०४४/१२/२९, स्याङ्गजा | पोखरा म.न.पा.- १६, कास्की<br>किता नं. : ३०३<br>क्षेत्रफल : २०७.०० वर्ग मिटर (जग्गा) |
| २ | नाम : सनत कुमार श्रेष्ठ<br>बाबुको नाम : शान्त कुमार श्रेष्ठ<br>बाजेको नाम : सोम बहादुर श्रेष्ठ<br>स्थायी ठेगाना : पोखरा, उ.म.न.पा. -०८<br>हालको ठेगाना : ऐ<br>नागरिकता नं. : ५१९७<br>जारी मिति र स्थान : २०४८/०३/२८, कास्की | नाम : सन्जय श्रेष्ठ<br>बाबुको नाम : सनत कुमार श्रेष्ठ<br>बाजेको नाम : शान्त कुमार श्रेष्ठ<br>स्थायी ठेगाना : पोखरा उ.म.न.पा.-०८<br>हालको ठेगाना : ऐ<br>नागरिकता नं. : १३८८९५<br>जारी मिति र स्थान : २०६०/०५/०८ | धितोमा रहेको सम्पतिको विवरण<br>पोखरा उ.म.न.पा - १७, कास्की<br>किता नं. - १२५<br>क्षेत्रफल - १८६.६० वर्ग मिटर (जग्गा) |
| ३ | नाम : छ्याम बहादुर थापा<br>बाबुको नाम : गज बहादुर थापा<br>बाजेको नाम : भिमसेन थापा<br>स्थायी ठेगाना : ओरष्टे-०८, स्याङ्गजा<br>हालको ठेगाना : पोखरा-१५, लक्ष्मीटोल<br>नागरिकता नं. : ३९२३<br>जारी मिति र स्थान :२०४२/०८/१०, स्याङ्गजा | नाम : राजु थापा<br>बाबुको नाम : गज बहादुर थापा<br>बाजेको नाम : भिमसेन थापा<br>स्थायी ठेगाना : ओरष्टे-०८, स्याङ्गजा<br>हालको ठेगाना :पोखरा -१५, लक्ष्मीटोल<br>नागरिकता नं. : ११९४३<br>जारी मिति र स्थान : २०५०/०२/२२ | बनाउने कम्पनीको नाम : महेन्द्र एण्ड महेन्द्रा<br>बनेको साल-२०१२<br>बनौट : पिकअप<br>मोडेल : म्याक्सिमो<br>च्यासिस नं. : A1FA2HRRC6 E11624<br>ईन्जिन नं. : HRC6E31143<br>सवारी साधन नं. ग १ च ८०६३ |
| ४ | नाम : राजन पन्थ<br>बाबुको नाम : भिम लाल पन्थ<br>बाजेको नाम : हिरा मणी पन्थ<br>स्थायी ठेगाना :हर्दिनेटा-०२, गुल्मी<br>हालको ठेगाना : पोखरा-१७, घारीपाटन<br>नागरिकता नं. : १०२७<br>जारी मिति र स्थान : २०५३/०७/१६, गुल्मी | नाम : सुमित्रा पन्थ<br>पतिको नाम : राजन पन्थ<br>ससुराको नाम : भिम लाल पन्थ<br>स्थायी ठेगाना : छत्रकोट गा.वि.स-०३, गुल्मी<br>हालको ठेगाना : पोखरा-१७, घारीपाटन<br>जारी मिति र स्थान : २०६०/०३/०६, गुल्मी | |
| ५ | नाम : लक्ष्मी कुमारी गौतम सुवेदी<br>पतिको नाम : कुलदिप सुबेदी<br>बाबुको नाम : तारा मणी गौतम<br>स्थायी ठेगाना : पोखरा-३०, कास्की<br>हालको ठेगाना : पोखरा-१७, छोरेपाटन<br>नागरिकता नं. : ७३३९९ (स्याङ्गजा)<br>जारी मिति र स्थान : २०६०/०८/०३, कास्की | नाम : अमृता गौतम<br>बाबु/पतिको नाम : बिष्णु प्रसाद गौतम<br>बाजे/ससुराको नाम : शिव राज गौतम<br>स्थायी ठेगाना : पुतलीबजार न. पा. स्याङ्गजा<br>हालको ठेगाना :पोखरा म.न.पा.-०४, कास्की<br>नागरिकता नं. : ७३४२८ | |

**संगम बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**Sangam Saving and Credit Co-Operative Society Ltd.**
**पोखरा म.न.पा.-१५, रामबजार, कास्की**
**फोन: ०६१-४३२१३३, ४३१८४०, ५७१६०३**